"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पुर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प.सं. २०८३/८४
च.नं. ३३२

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८३/०६/०६

**विषयः मौसम सम्बन्धि सूचना तत्काल सम्प्रेषण तथा आवश्यक कार्यार्थ।**

श्री वडा कार्यालयहरू (सबै),
श्री स्वास्थ्य संस्थाहरू (सबै),
श्री सौंदनी नगर अस्पताल,
श्री सामुदायिक तथा संस्थागत विद्यालयहरू (सबै),
श्री शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख,
श्री स्वास्थ्य शाखा प्रमुख,
श्री जिन्सी शाखा प्रमुख,
श्री भौतिक पूर्वाधार शाखा प्रमुख,
श्री कृषि शाखा प्रमुख,
श्री नगर प्रहरी प्रमुख,
परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
जोगबुडा, डडेल्धुरा।

जल तथा मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ५ गते जारी गरिएको विशेष मौसमी बुलेटिनअनुसार असोज ९ गतेदेखि ११ गतेसम्म सुदूरपश्चिम प्रदेश लगायत देशका अधिकांश भू-भागमा मेघगर्जन/चटयाङ सहित हावाहुरी तथा भारी देखि धेरै भारी वर्षा हुने सम्भावना रहेको छ। उक्त अवधिमा परशुराम नगरपालिका क्षेत्रका विभिन्न स्थानमा बाढी, नदी तथा खोलाको कटान, पहिरो र गेग्रान बहावको जोखिम बढ्न सक्ने भएकाले सम्भावित विपद्बाट सुरक्षित रहन तथा आवश्यक पूर्वतयारीका लागि आज मिति २०८३/०६/०६ गतेका दिन आकस्मिक रूपमा बसेको नगर स्तरीय विपद् व्यवस्थापन समितिको बैठकबाट भएका निर्णयहरू तत्काल कार्यान्वयन गर्नु/गराउनुहुन निर्देशानुसार जानकारी गरिन्छ। साथै, बैठकका निर्णयहरू यसै पत्रसाथ पठाईएको छ।

खगेन्द्र साउँद
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

कार्यार्थः
श्री वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाः आवश्यक समन्वय र सहकार्य गर्नुहुन।

२०८४/०६/०६

आज मिति २०८४/०६/०६ गतेका दिन यस परशुराम नगरपालिकाका नगर प्रमुख श्री भरत बहादुर जोशी ज्यूको अध्यक्षतामा नगरस्तरीय विपद् व्यवस्थापन समितिको आवश्यक बैठक बसी यस नगरपालिका स्थित तिन वटै सुरक्षा निकायका प्रमुख / प्रतिनिधि सहित देहायको उपस्थितीमा उल्लेखित निर्णय गरियो।

नगरप्रमुख : श्री भरत बहादुर जोशी
प्रमुख प्रशासकिय अधिकृत : श्री खगेन्द्र साउँद
सेनानी (श्री अजुन नाथ गण) श्री केशव राज च्यादी
स.प्र.नि (A.P.F. परिचय) श्री तर्क राज भट्ट
प्र.ना.नि. राजेन्द्र गिरी इ.प्र.का. जोगबुढा डडेल्धुरा
हिक्मत बहादुर धामी - स्वास्थ्य शाखा प्रमुख
चोतराज भट्ट - इन्जिनियर
हंस राज भट्ट - इन्जिनियर
पुष्कर बोहरा - नगर प्रहरी सहायक निरीक्षक
हृदेश धामी - वातावरण अधिकृत

निर्णय नं. १. जल तथा मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ५ गते जारी गरिएको विशेष मौसमी बुलेटिन अनुसार असोज ९ गतेदेखि ११ गतेसम्म सुदूरपश्चिम प्रदेश लगायत देशका अधिकांश भू-भागमा मेघगर्जन/चटयाङसहित हावाहुरी तथा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको अवस्था रहेको हुदा यस परशुराम नगरपालिका स्थित तिन वटै सुरक्षा निकाय, वडा कार्यालयहरू, नगरपालिका र सरोकारवालाहरू सबैले समन्वयात्मक र सहकार्यका साथ विपद् पुर्वतयारीका आवश्यक कार्यहरू गर्ने निर्णय गरियो।

निर्णय नं. २. उल्लिखित जोखिमको समयावधिमा सामुदायिक तथा संस्थागत विध्यालयहरूले वडा कार्यालय, नजिकको प्रहरी चौकी तथा नगरपालिकासँग आवश्यक समन्वय गरी स्थानीय मौसमि परिस्थितिको मूल्याङ्कनका आधारमा मात्र विद्यालय सञ्चालन गर्नुहुन भनि पत्राचार गर्ने निर्णय गरियो। साथै स्वास्थ्य संस्थाहरूले पनि सोहि अनुरूप विपद् प्रतिकार्य र पूर्वसूचना प्रसारणका कार्यहरू गर्ने गरि व्यवस्थापन गर्न स्वास्थ्य शाखा मार्फत निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ३. विपद् खोज, उद्दार तथा राहत सामाग्रीहरूको आवश्यक बन्दोबस्ती र तयारी अवस्थामा राख्नहुन सबै पक्षले आफु मातहतका सम्बन्धित सबै निकाय/कार्यालयलाई निर्देशन दिने र नगरपालिका संग रहेको JCB हरू तयारी अवस्थामा राख्ने तथा आवश्यक परेको बेला तत्काल पठाउने गरि व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. ४. विपद् पूर्वसूचनाहरू तत्काल समुदाय स्तरमा पुगाउन माईकिङ् गर्ने, सार्वजनिक सुचना प्रकाशन गर्ने, सामुदायिक संस्थाहरूलाई जानकारी दिने तथा विशेष गरि जोखिमको संकटासन्न बस्तिहरूलाई तत्काल सूचना दिने र सो मनसुनी प्रणालीको जोखिम तथा प्रभाव अनुरुपका आवश्यक पर्ने कार्यहरू तत् तत् अनुरूप गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

२०८३/०६/०५